खिजीदेम्वा गाउँपालिका

खिजीफलाटे, ओखलढुङ्गा

बैठक संख्या ३१

मितिः २०८१/०९/०९ गते मंगलबार

खिजीदेम्वा गाउँपालिका अध्यक्ष श्री गम्बु शेर्पाज्यूको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको समुपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थितिः

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गम्बु शेर्पा | अध्यक्ष | |
| २ | श्री शुसिला तामाङ | उपाध्यक्ष | |
| ३ | श्री कुमार सुनुवार | १ नं. वडाध्यक्ष | |
| ४ | श्री सुरेन्द्र शंकर घिमिरे | २ नं. वडाध्यक्ष | |
| ५ | श्री टंकराज सुनुवार | ३ नं. वडाध्यक्ष | |
| ६ | श्री होम वहादुर सुनुवार | ४ नं. वडाध्यक्ष | |
| ७ | श्री राम कुमार सुनुवार | ५ नं. वडाध्यक्ष | |
| ८ | श्री पासाङ निमा शेर्पा | ६ नं. वडाध्यक्ष | |
| ९ | श्री डिल्ली राम बस्नेत | ७ नं. वडाध्यक्ष | |
| १० | श्री नगेन्द्र बहादुर बस्नेत | ८ नं. वडाध्यक्ष | |
| ११ | श्री ङवाङ फुरी शेर्पा | ९ नं. वडाध्यक्ष | |
| १२ | श्री दोर्ची शेर्पा | कार्यपालिका सदस्य | |
| १३ | श्री कवितादेवी सुनुवार | कार्यपालिका सदस्य | |

CamScanner

बिजीदिम्चा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिजीफलाटे, ओखलढुंगा
कोशी प्रदेश, नेपाल
स्था : २०७३

| | | | |
|---|---|---|---|
| १४ | श्री दुर्गादेवी सुनुवार | कार्यपालिका सदस्य | |
| १५ | श्री रामकुमारी बस्नेत | कार्यपालिका सदस्य | |
| १६ | श्री पसि शेर्पा | कार्यपालिका सदस्य | |
| १७ | श्री आङ ल्वामु शेर्पा | कार्यपालिका सदस्य | |
| १८ | श्री गौरव राज केसी | प्रमुख प्रशासकीय अधिकृत | |
| १९ | श्री दिपक घिमिरे | लेखापाल | |

निर्णय नं १

प्रस्ताव नं १ माथी छलफल गर्दा

- खिजीदेम्बा गाउँपालिका अन्तर्गतका सम्पूर्ण कार्यालयहरुमा इन्टरनेट सेवा उपलब्ध गराउन श्री Arrownet Pvt. Ltd., Kathmandu कार्यालय र यस गाउँपालिकावीच मिति २०७९/०१/१३ मा (Contract Id: KBRM/OKH/NCB/IT/2078/79-01) सम्झौता भए वमोजिम मिति २०८१/०९/२९ गते म्याद सकिने र म्याद थप गरि पाउँ भनी मिति २०८१/०९/०८ को पत्र प्राप्त भएको हुदाँ सो सम्बन्धमा यस गाउँपालिकाभित्र विजुलीको विस्तारमा ढिलाइ र असोजमा परेको अविरल वर्षाका कारण कार्य सम्पादनमा असहजता साथै हालको प्रगति विवरण हेर्दा कार्यसम्पादन सन्तोषजनक रहेकोले उक्त आयोजना सम्पन्न गर्नु पर्ने अवधि २०८१ चैत्र २९ गतेसम्म थप गर्ने निर्णय गरियो।
- खिजीदेम्बा गाउँपालिका र वासु कन्सट्रक्सन एण्ड सप्लायर्स, सोलुखुम्वुविच मिति २०८०/०३/१९ गते (Contract Id: KBRM/OKH/NCB/05/2079/080) सम्झौता भई मिति २०८१/०३/३० गते काम सक्नुपर्ने गरी सम्झौता भएको थियो । साथै उक्त ठेक्काको काम नसकिएको हुदाँ मिति २०८१/०३/०५ गतेको गाउँ कार्यपालिकाको निर्णय अनुसार मिति २०८१/०९/३० गतेसम्म म्याद थपिएको थियो । निज निर्माण व्यवसायीले ठेक्काको म्याद थप गरी पाउँ भनी मिति २०८१/०९/०८ को प्राप्त भएको हुदाँ असार श्रावण महिनामा मनुसनको समयमा सडक समस्याको कारणले र असोजमा परेको अविरल वर्षाका कारण कार्य सम्पादनमा असहजता साथै हालको प्रगति विवरण हेर्दा कार्यसम्पादन सन्तोषजनक रहेकोले उक्त आयोजना सम्पन्न गर्नु पर्ने अवधि २०८२ असार १५ गतेसम्म थप गर्ने निर्णय गरियो ।

निर्णय नं २

प्रस्ताव नं २ माथि छलफल गर्दा खिजीदेम्बा गाउँपालिकाको पालिका गान निर्माणको लागि गाउँपालिकाले मिति २०८१/०८/१२ मा प्रकाशन गरेको सूचना बमोजिम प्राप्त भएका गानहरुको मूल्याकंन गर्नको लागि सम्पूर्ण कार्यपालिका सदस्यहरुलाई प्राप्त भएका प्रस्तावहरुको एक एक प्रति उपलब्ध गराउने र कार्यपालिका बैठकले अन्य आवश्यक निर्णय लिने निर्णय गरियो । साथै खिजीदेम्बा गाउँपालिकाको यस अघि तयार पारिएको लोगो आवश्यक Resolution को नभएको हुदाँ उक्त लोगोलाई आवश्यक परिमार्जन गरी आगामी कार्यपालिका बैठकमा पेश गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरियो ।

गौरवराज के सी
प्रमुख प्रशासकीय अधिकृत

गम्बु शेर्पा
गाउँपालिका अध्यक्ष

निर्णय नं ३

प्रस्ताव नं ३ माथि छलफल गर्दा खिजीदेम्बा गाउँपालिकाद्वारा सञ्चालित ग्रामिण आँखा केन्द्रमा नेत्र सहायकको पद लामो समयदेखि रिक्त रहेको हुदाँ रिक्त नेत्र सहायकको पदपूर्ति गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं ४

प्रस्ताव नं ४ माथि छलफल गर्दा खिजीदेम्बा गाउँपालिकामा कार्यरत कर्मचारीहरुको तह वृद्धि सम्वन्धी कार्यविधि, २०८० को दफा ५ मा सिफारिस समितिको व्यवस्था गरेको छ । उक्त सिफारिस समितिमा संयोजक प्रमुख प्रशासकीय अधिकृत रहने र कार्यपालिकाले तोकेको एक महिलासहित दुई जना वरिष्ठ कर्मचारी सदस्य रहने व्यस्था गरेको छ । अतः उक्त सिफारिस समितिको सदस्यहरुमा तपशिल बमोजिमका कर्मचारीका कर्मचारीहरु रहने निर्णय गरियो ।

- सिनिअर अहेब छैठौं श्री इन्द्र प्रसाद गौतम, स्वास्थ्य शाखा
- प्राविधिक सहायक श्री रतना वोहोरा, शिक्षा शाखा

निर्णय नं ५

प्रस्ताव नं ५ माथि छलफल गर्दा कल्प इम्पावर वेमेन नेपालले राजनैतिक जिम्मेवारीमा नेतृत्वदायी भुमिका निर्वाह गरी रहनु भएका महिला जनप्रतिनिधिहरुलाई सम्माननीय प्रधानमन्त्री ज्यूको प्रमुख आतिथ्यमा पुरस्कार तथा सम्मान वितरण कार्यक्रम मिति २०८१ पुस १९ गते अनुपम फुड ल्याण्ड, बत्तिसपुतली, काठमाडौंमा राखेको हुदाँ उक्त संस्थालाई रु. २०,०००.०० आर्थिक सहयोग गरी उक्त कार्यक्रममा सह-आयोजक हुने निर्णय गरियो ।

निर्णय नं ६

- खिजीदेम्बा गाउँपालिका वडा नं ९ निवासी श्री कर्मा ग्यालजे शेर्पाको घर मिति २०८१/०४/०६ गते आगलागिबाट पूर्ण क्षति भएको हुदाँ शिर्षकबाट रु. ५०,०००.०० आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।
- खिजीदेम्बा गाउँपालिकाको अघिल्लो कार्यपालिका बैठकबाट संघीय समपूक र विशेष अनुदान तथा प्रदेश समपूरक तथा विशेष अनुदानमा विभिन्न योजनाहरुको छनौट गरेको सन्दर्भमा फुलमती माध्यमिक विद्यालय खिजीफलाटे छात्रबास निर्माण र वडा नं ९ वडा कार्यालय भवनको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्नु पर्ने भएको छ । खिजीदेम्बा गाउँपालिकाको १५ औं गाउँ सभाबाट सेवा र परामर्श शिर्षकमा रु. १,५०,०००.०० मात्र रकम विनियोजन भएको र उक्त DPR तयार गर्नका लागि नपुग हुने रकम रु. ५०,०००.००

गौरवराज के सी
प्रमुख प्रशासकीय अधिकृत

गम्बु शेर्पा
गाउँपालिका अध्यक्ष